# नेपाल नागरिक उड्डयन प्राधिकरण
## आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको पदपूर्ति सम्बन्धी सूचना
(प्रकाशित मितिः २०८२/१२/०६)

यस प्राधिकरणमा आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्म रिक्त हुन आउने देहायका सेवा/समूह/उपसमूह तथा तहका पदहरु आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाद्वारा पदपूर्ति गर्न श्री लोक सेवा आयोगबाट सहमति प्राप्त भए अनुसार ने.ना.उ.प्रा., कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ को नियम ६.३ बमोजिम बढुवा हुने पदको सेवा, समूह र उपसमूहको एक तह मुनिको पदमा सहायक स्तरबाट अधिकृत स्तरमा र अधिकृत स्तरबाट अधिकृत स्तरमा चार वर्ष र सहायक स्तरबाट सहायक स्तरमा तीन वर्ष स्थायी सेवा अवधि पूरा भएका उम्मेदवारहरुबाट आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता भएका उम्मेदवारहरुलाई यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र प्राधिकरणको Website: www.caanepal.gov.np मा रहेको Online Application Form मार्फत दरखास्त फाराम भर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं | वि.नं. | पद | तह | सेवा | समूह | उपसमूह | पदपूर्ति गर्नुपर्ने संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४०/०८२/८३ | निर्देशक | ११ | प्राविधिक | एयर ट्राफिक सर्भिसेस | x | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण र प्राधिकरणबाट मान्यता प्राप्त संस्थाबाट एकै चरण वा अर्को चरणमा गरी कम्तिमा एक वर्ष अवधिको आधारभूत एयर ट्राफिक सर्भिसेस तालीम प्राप्त गरेको । |
| २ | ४१/०८२/८३ | उपनिर्देशक | १० | प्राविधिक | एयर ट्राफिक सर्भिसेस | x | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण र प्राधिकरणबाट मान्यता प्राप्त संस्थाबाट एकै चरण वा अर्को चरणमा गरी कम्तिमा एक वर्ष अवधिको आधारभूत एयर ट्राफिक सर्भिसेस तालीम प्राप्त गरेको । |
| ३ | ४२/०८२/८३ | प्रबन्धक | ९ | प्राविधिक | एयर ट्राफिक सर्भिसेस | x | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण र प्राधिकरणबाट मान्यता प्राप्त संस्थाबाट एकै चरण वा अर्को चरणमा गरी कम्तिमा एक वर्ष अवधिको आधारभूत एयर ट्राफिक सर्भिसेस तालीम प्राप्त गरेको । |
| ४ | ४३/०८२/८३ | प्रबन्धक | ९ | प्राविधिक | एभिएशन फायर सर्भिसेस | x | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण र नागरिक उड्डयन सँग सम्बन्धित संस्थाबाट जिवनोद्वार तथा विमानस्थल अग्नी निवारण सम्बन्धी तालिम प्राप्त |
| ५ | ४४/०८२/८३ | प्रबन्धक | ९ | प्राविधिक | फ्ला.अ.स. | x | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषयमा गणित र भौतिक शास्त्र सहित दश जोड दुई उत्तीर्ण गरी अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको सदस्य राष्ट्रबाट कमर्सियल पाइलट लाइसेन्स प्राप्त गरेको र कम्तिमा पाँच सय घण्टाको उडान अनुभव हासिल गरेको । |
| ६ | ४५/०८२/८३ | उपप्रबन्धक | ८ | प्राविधिक | एयर ट्राफिक सर्भिसेस | x | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण र प्राधिकरणबाट मान्यता प्राप्त संस्थाबाट एकै चरण वा अर्को चरणमा गरी कम्तिमा एक वर्ष अवधिको आधारभूत एयर ट्राफिक सर्भिसेस तालीम प्राप्त गरेको । |
| ७ | ४६/०८२/८३ | उपप्रबन्धक | ८ | प्राविधिक | सिभिल इन्जिनियरिङ | x | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण । |
| ८ | ४७/०८२/८३ | उपप्रबन्धक | ८ | प्राविधिक | ई.एण्ड टे.कम. इन्जिनियरिङ | x | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रोनिक्स वा ईलेक्ट्रोनिक्स एण्ड टेलिकम्युनिकेशन ईन्जिनयरिङ विषयमा स्नातक तह उत्तीर्ण गरेको वा कुनै विषयमा स्नातक तह उत्तीर्ण गरी प्राधिकरणबाट मान्यता प्राप्त संस्थाबाट कम्तिमा १ वर्षको एरोनटिकल रेडियो मेन्टिनेन्स तालिम प्राप्त । |
| ९ | ४८/०८२/८३ | उपप्रबन्धक | ८ | प्राविधिक | मेकानिकल इन्जिनियरिङ | x | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इन्जिनियरिङ विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण । |
| १० | ४९/०८२/८३ | वरिष्ठ अधिकृत | ७ | प्रशासन | प्रशासन | प्रशासन | ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ११ | ५०/०८२/८३ | वरिष्ठ अधिकृत | ७ | प्रशासन | प्रशासन | व्यापार प्रशासन | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यापार प्रशासन वा वाणिज्यशास्त्र वा अर्थ शास्त्र मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण । |
| १२ | ५१/०८२/८३ | वरिष्ठ अधिकृत | ७ | प्रशासन | आर्थिक प्रशासन | लेखा | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्यशास्त्र, अर्थशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा सो सरह उत्तीर्ण। |
| १३ | ५२/०८२/८३ | वरिष्ठ अधिकृत | ७ | प्राविधिक | ई.एण्ड टे.कम. इन्जिनियरिङ | x | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रोनिक्स/ईलेक्ट्रोनिक्स एण्ड टेलिकम्युनिकेशन ईन्जिनियरिङ विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण। |
| १४ | ५३/०८२/८३ | अधिकृत | ६ | प्राविधिक | एभिशन फायर सर्भिसेस | x | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र नागरिक उड्डयन सँग सम्बन्धित संस्थाबाट जिवनोद्वार तथा विमानस्थल अग्नी निवारण सम्बन्धी आधारभूत र थप एक महिनाको तालिम प्राप्त |
| १५ | ५४/०८२/८३ | अधिकृत | ६ | प्राविधिक | ई. एण्ड टे. कम. इन्जिनियरिङ | x | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रोनिक्स/इलेक्ट्रोनिक्स एण्ड टेलिकम्युनिकेशन इन्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदद्वारा मान्यता प्राप्त संस्थाबाट सम्बन्धित विषयमा सीपको तह तीनको प्रमाणपत्र प्राप्त गरेको । |

**द्रष्टव्य**

१. **दरखास्त दिने स्थानः** नेपाल नागरिक उड्डयन प्राधिकरणको वेवसाइट www.caanepal.gov.np मा गई Online Application Form भर्नुपर्नेछ ।

२. **दरखास्त दस्तुर सम्बन्धी विवरणः** दरखास्त दस्तुर वापत तह ११ र १० को लागि रू.२०००।-, तह ९ र ८ को लागि रू.१६००।-, तह ७ र ६ को लागि रू.१२००।- लाग्नेछ ।

३. **अनलाईन मार्फत दरखास्त दिने र दस्तुर बुझाउने विधिः** प्राधिकरणको वेभसाइटमा रहेको Online Application प्रणालिमा आफूले चाहेको विज्ञापन छनोट गरी Apply Now Click गर्ने र सो पश्चात् User Registration गरी विज्ञापनसँग सम्बन्धित सम्पूर्ण विवरण भरी तोकिएको दरखास्त दस्तुर Online Recruitment System को कुनै एक Payment Gateway मार्फत भुक्तानी गरी दरखास्त दिन सकिनेछ। ।यस सम्बन्धमा प्राविधिक सहयोग आवश्यक परेमा सहयोगका लागि ९८४९४६३४५६ मा Viber वा Whatsapp मा सम्पर्क गर्न सकिनेछ।

४. **दरखास्त दिने अन्तिम मितिः** २०८२/१२/२६ गते ।

५. लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ । लिखित परीक्षाको कार्यक्रम पछि प्रकाशन गरिनेछ।

६. यस सम्बन्धमा थप जानकारी चाहिएमा प्राधिकरण प्रधान कार्यालयको प्रशासन विभागको टेलिफोन नं.०१५७१८०००/५७१८०३० को Ext. २३१ र २३२ मा बुझ्न सकिनेछ।